# यस कार्यालयबाट २०८० श्रावण १ गते देखि २०८१ साल असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

(आ.व. २०८०/०८१ को बार्षिक प्रगति विवरण)


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, भोजपुर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर




नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

# जिल्ला प्रशासन कार्यालय, भोजपुर।



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

विषय सूची


१. भोजपुर जिल्लाको संक्षिप्त परिचयः- ............ 1
२. जिल्लाको शान्ति सुरक्षाको विद्यमान अवस्थाः- ............ 2
३. शान्ति सुरक्षा कायम गर्नमा जिल्ला प्रशासन कार्यालयको भूमिकाः ............ 2
४. जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृतिः- ............ 3
५. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार ............ 4
६. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण ............ 5
६.१ जिल्ला प्रशासन कार्यालय भोजपुरको स्वीकृत संगठन संरचनार दरवन्दी तेरिज ............ 5
६.२ जिल्ला प्रशासन कार्यालय भोजपुरको संगठन संरचना ............ 6
६.३ जिल्ला प्रशासन कार्यालय भोजपुरमा हाल कार्यरत कर्मचारीको विवरणः- ............ 7
६.४ कार्यरत कर्मचारीको शाखागत कार्यविभाजन ............ 7
(क) स्थानिय प्रशासन तथा शान्ति सुरक्षा शाखा ............ 7
(ख) नागरिकता तथा प्रतिलिपि शाखा ............ 7
(ग) ई-पासपोर्ट शाखा/संघ संस्था ............ 7
(घ) मुद्दा तथा ठाडो उजुरी शाखा ............ 8
(ङ) लेखा शाखा ............ 8
(च) राष्ट्रिय परिचय-पत्र शाखा ............ 8
७ जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा :- ............ 8
(क) स्थानिय प्रशासन तथा शान्ति सुरक्षा शाखाबाट सम्पादन गरिने कार्यहरु ............ 8
(ख) नागरिकता तथा प्रतिलिपि शाखाबाट सम्पादन हुने कार्यहरु ............ 9
(ग) ई-पासपोर्ट शाखाबाट गरिने कार्यहरु ............ 9
(घ) मुद्दा तथा ठाडो उजुरी शाखाबाट गरिने कार्यहरु ............ 9
(ङ) संघ संस्था शाखा गरिने कार्यहरु ............ 9
(च) लेखा शाखाबाट गरिने कार्यहरु ............ 9
(छ) राष्ट्रिय परिचय पत्र शाखा ............ 10
८ सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः- ............ 10
क) समग्र जिम्मेवार अधिकारी ............ 10
ख) शाखागत जिम्मेवारी ............ 10
९ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः- ............ 10
(क) दस्तुर ............ 10
(ख) अवधि ............ 10
१० निर्णय गर्ने प्रकृया र अधिकारः- ............ 11
११ निर्णय उपर उजुरी सुन्ने अधिकारी ............ 11
१२ सम्पादन गरेको कामको विवरणः- ............ 12
१३ कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद ............ 15
१४ ऐन, नियम, विनियम र निर्देशिकाको सुची ............ 15
१५. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण :- ............ 16
१६. तोकिए बमोजिमका अन्य विवरणः- ............ 16
१७. कार्यालयले र अन्य निकाय तथा जिल्लाहरुसँगको समन्वयमा सम्पादन गरेको अन्य कार्यहरुः- ............ 17


नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, भोजपुर

अवधि २०८० श्रावण ०१ गते देखि २०८१ असार मसान्तसम्म

## १. भोजपुर जिल्लाको संक्षिप्त परिचयः-

भोजपुर कोशी प्रदेशको मध्यपहाडी भेगको एक दुर्गम जिल्ला हो । यस जिल्लाको पूर्वमा संखुवासभा र धनकुटा, पश्चिममा खोटाङ, उत्तरमा संखुवासभा र सोलुखुम्बुतथा दक्षिणमा उदयपुर जिल्लारहेकोछ । समुद्री सतहबाट ५ सय फिटदेखि १४ हजार फिटसम्मको उचाइमा फैलिएर रहेको यस जिल्लाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतीमा पनि विविधता पाइन्छ । यहाँ हिमाली हावापानीदेखि लिएर उष्ण मनसुनी हावापानीसम्म पाइन्छ । जातिगत हिसाबले बिभिन्न जातिको बसोबास रहेता पनि राई जातिको बाहुल्यता रहेको छ । २०७८ सालको जनगणना अनुसार यस जिल्लाको कूल जनसंख्या १,५७,९२३ रहेकोमा पुरुष जना ७८,२११र महिला ७९,७१२ जना रहेको तथ्याङ्कले जनाएको छ। राई जातीको बढी बसोवास भएतापनि यँहा समग्रमा राई, तामाङ, मगर, क्षेत्री जातीहरुको बसोवास रहेको छ। प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ र प्रदेश सभा निर्वाचन क्षेत्र २ रहेको यस जिल्लामा २ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरु रहेका छन् ।

उल्लेखित बिषेशता भएको यस जिल्लाको शान्ति सुरक्षाको अबस्थालाई उजागर गर्ने हिसाबले शान्ति सुरक्षाको अबस्था र चुनौतिलाई यस प्रतिवेदन बिषयबस्तु बनाइएको छ । शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा देखा परेका समस्या समाधान गर्न भए गरेका प्रयासलाई समेत समेटिएको छ ।शान्ति सुरक्षा एक अर्काका परिपूरक हुन् भने शान्तिपूर्ण वातावरणमा बाच्न पाउने मानिसको नैसर्गिक अधिकार हो । जिल्लाको शान्ति सुरक्षा मजबुत बनाइ जनधनको रक्षा गर्नु जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायहरुको दायित्व हो ।

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

## २. जिल्लाको शान्ति सुरक्षाको विद्यमान अवस्थाः-

जिल्लामा बसोबास गर्ने आम नागरिकलाई गाँस, बास, कपास जस्ता आधारभूत आवश्यकता र शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउनु राज्यको मुख्य दायित्व हो । मानिसको भौतिक सुविधाप्रतिको बढ्दो आकाँक्षा र नागरिक हक अधिकार प्रतिको जनचेतना, आधुनिक सूचना तथा संचार माध्यमको प्रयोगबाट सृजित आर्थिक, सामाजिक,राजनीतिक कारणले गर्दा मौलाउदै गएको सामाजिक अपराध एवं घरेलु हिंसाका घटनाले आन्तरिक सुरक्षाको वातावरण केही खलबलिन पुगेको भएतापनि समग्रमा जिल्लाको शान्ति सुरक्षाको अबस्था सामान्य रहेकोछ ।

जिल्लाको शान्ति सुरक्षाको अबस्थालाई सुदृढ बनाइ राख्न जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नं. ५ गुल्ममा दरबन्दी अनुसार जनशक्ति नहुँदा कठिनाइ भइरहेको छ भने विद्यमान शासन पद्धति, राष्ट्रियता जनजीविकाका सवालका नाममा सर्वसाधारण नागरिकहरुलाई भडकाउने, तर्साउने लगायतका गतिबिधिहरु नियन्त्रण गर्न जिल्ला स्थित सुरक्षा निकाय, स्थानीय तह, राजनीतिक दल तथा सरोकारवाला निकायहरुसंग निरन्तर समन्वय र सहकार्य गरी जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिन सुरक्षा व्यवस्था प्रभावकारी बनाइएको छ ।

महिला तथा बालबालिका उपर हुने हिंसा एव आत्महत्याका घटनाहरुमा अप्रत्याशित रुपमा वृद्धि हुदै गइरहेकोले यस्ता जघन्य प्रकृतिका घटनाहरुको रोकथामका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने गरिएको छ। सामाजिक विसङ्गतिका रुपमा देखा पर्ने नवीनतम् अपराधिक गतिबिधिहरुको कानून सम्मतढंगले सामना गर्न अपराध नियन्त्रण तथा न्यूनीकरण कार्ययोजना २०७८" तयार गरी सो को कार्यान्वयन मार्फत समाजमा शान्ति सुरक्षा कायम गरिएको छ ।

## ३. शान्ति सुरक्षा कायम गर्नमा जिल्ला प्रशासन कार्यालयको भूमिकाः

जिल्ला प्रशासन कार्यालय जिल्लाको प्रमुख प्रशासकीय निकाय हो । जिल्लामा शान्ति सुरक्षा कायम गरी जनताको जीउधनको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य दायित्व हो । जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रहेको यस कार्यालयले जनतालाई उपलब्ध गराउने सेवा सुविधाहरु छिटो छरितो सरल र सहज रुपमा वितरण गर्ने व्यवस्था मिलाइ सुशासनको प्रत्याभूति दिलाउने कार्य गर्दछ । जिल्ला भित्र रहेका विभिन्न निकाय र कार्यालयहरुको बीचमा समन्वय गर्ने, भ्रष्टाचार र ढिलासुस्ती नियन्त्रण गर्ने, दैबीप्रकोप व्यवस्थापन गर्ने, न्याय निरुपण गर्ने, बिकास निर्माण कार्यको अनुगमन गर्ने, जनगुनासो सुन्ने र कारवाही गर्ने जिम्मेवारी समेत यस कार्यालयको हो ।

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

जिल्लामा शान्ति सुरक्षा कायम गर्न, सार्बजनिक सेवा प्रभावकारी तुल्याउन र आम जनसमुदायमा अमनचयनको वातावरण सिर्जना गर्न सुरक्षा निकाय, राजनीतिक दल एवं जनप्रतिनिधिहरुसँग यस कार्यालयले नियमित रुपमा समन्वय र सहकार्य गर्दै आएको छ ।जिल्लाको शान्ति सुरक्षाको अवस्था सुदृढ र प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नं. ५ गुल्मलाई परिचालन गर्ने गरिएको छ भने आवश्यकता अनुसार जिल्लास्थित नेपाली सेना र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयको समेत सहयोग लिने गरिएको छ ।

## ४. जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृतिः-

जिल्ला प्रशासन कार्यालय जिल्लाको प्रमुख प्रशासकीय निकाय हो। जिल्लामा शान्ति सुरक्षा, अमनचयन कायम राख्ने, जिल्लास्थित अन्य कार्यालयहरुसँग समन्वयकारी भूमीका निर्वाह गर्दै विकास तथा सुशासन प्रवर्द्धन गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने जिम्मेवारीका साथ स्थानीय प्रशासन ऐन २०२८ बमोजिम स्थापना भएको जिल्ला प्रशासन कार्यालय भोजपुर स्थापना काल देखि निरन्तर रुपमा उक्त उदेश्य प्राप्तिको दिशामा केन्द्रित हुँदै आएको छ। नेपालको संविधान बमोजिम मुलुकमा संघ, प्रदेश र स्थानीय तीन तहका सरकार निर्माण भए पश्चात जिल्लामा संघीय सरकारको प्रतिनिधिको रुपमा रही तिनै तहका सरकारवीच समन्वयकारी भूमिका निर्वाह गर्नु, गृह प्रशासनको अधिकार क्षेत्र भित्र रहेर स्थानीय प्रशासन ऐन,२०२८ लगायत अन्य प्रचलित ऐन, नियम, समय समयमा भएको निर्देशन तथा परिपत्र बमोजिम जिल्लामा शान्ति सुरक्षा, समन्वय, अपराध रोकथाम तथा नियन्त्रण, सार्वजनिक सम्पतिको संरक्षण, लागू औषध नियन्त्रण, विपद् व्यवस्थापन, उपभोक्ता हित संरक्षण, विकासका गतिविधिमा सहजिकरण , नागरिकता राहदानी वितरण लगायतका सेवा प्रवाह, सुशासन प्रवर्द्धन लगायत अन्य आकास्मिक सम्पूर्ण कार्यहरु यस कार्यालयबाट सम्पादन हुँदै आएका छन्।

सीमित स्रोत साधनका वीच पुरानो कच्ची भवनबाट सेवा सञ्चालन हुँदै आएकोमा भवन वि.सं. २०६०।११।१९ मा आगजनी भए पश्चात तत्कालिन जि.वि.स.को अतिथि गृहबाट कार्यालय सञ्चालन हुँदै आएकोमा २०७३ सालमा आफ्नै नयाँ पक्कि भवन निर्माण सम्पन्न भई सोही नयाँ भवनबाट कार्यालय सञ्चालन हुँदै आएको छ।

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

## ५. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकारको प्रतिनिधिको रुपमा जिल्लामा रही जिल्ला भित्र शान्ति सुव्यवस्था एवं अमनचयन कायम गर्ने, विपद व्यवस्थापन, समन्वय लगायत सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासनको प्रत्याभूति गर्नु यस कार्यालयको प्रमुख जिम्मेवारी रही आएको छ। यस कार्यालयको मुख्य काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेका छन्।

क) जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम राखे, आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन गर्ने।

ख) हातहतियार र खरखजनाको इजाजत सम्बन्धी सिफारिस, नविकरण र नियन्त्रण गर्ने।

ग) विष्फोटक पदार्थ सिफारिस र नियमन गर्ने।

घ) विदेशि नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन गर्ने।

ङ) सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने।

च) गैर सरकारी संघ संस्था दर्ता, नविकरण र नियमन गर्ने।

छ) स्थानीय प्रशासनको सञ्चालन गर्ने।

ज) नागरिकता, ई-पासपोर्ट सम्बन्धी सेवा प्रवाह गर्ने गर्ने।

झ) वाल कल्याण तथा वाल अधिकारको संरक्षण गर्ने।

ञ) भ्रष्टचार नियन्त्रण गर्ने।

ट) कार्यालय निरीक्षण तथा अनुगमन गर्ने।

ठ) कल्याण धन र संरक्षण हुन नसकेको धनको व्यवस्थापन गर्ने।

ड) मादक पदार्थ, चिठ्ठा, जुवा, सार्वजनिक अपराध आदिको नियन्त्रण गर्ने।

ढ) सार्वजनिक स्थानमा अवाञ्छनिय व्यवहारको रोकथाम गर्ने।

ण) विपद् व्यवस्थापन गर्ने।

त) मुआव्जा निर्धारण तथा वितरण गर्ने।

थ) पुरस्कार तथा सजाय सम्बन्धी कार्वाही र सिफारिस गर्ने।

द) जिल्लाभित्र रहेको सार्बजनिक सम्पतिको रेखदेख, मर्मत तथा संभार गर्ने गराउने।

ध) लागू औषध नियन्त्रण र कारबाही गर्ने।

न) जिल्लास्थित कारागारको व्यवस्थापन गर्ने।

ऩ) द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण गर्ने।

नर वहादुर थापा
प्रमुख जिल्ला अधिकारी

प) गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन बमोजिम निर्वाचन सम्बन्धी कार्य गर्ने।

फ) जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन गर्ने।

ब) राष्ट्रिय अनुसन्धानसँगको समन्वयमा सूचना संकलन र विश्लेषण गर्ने।

भ) जिल्लामा सञ्चालित राष्ट्रिय गौरव आयोजनाहरुको विकास निर्माणको कार्यमा समन्वय र सहयोग गर्ने।

म) कानून बमोजिम तोकिए अनुसार दर्ता हुन आएको विभिन्न मुद्दाको शुरु कारवाही र किनारा गर्ने।

## ६. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

६.१ जिल्ला प्रशासन कार्यालय भोजपुरको स्वीकृत संगठन संरचनार दरवन्दी तेरिज मिति २०७६।८।१९ को निर्णय अनुसार यस जिल्लामा रा.प.प्रथम श्रेणी सह-सचिव प्रमुख जिल्ला अधिकारी हुने व्यवस्था भइ सोहि बमोजिमको दबन्दी कायम भएको छ। यस कार्यालयको साविक स्वीकृत संगठन संरचना देहाय बमोजिम रहेको छ।

| सि. नं. | पदको नाम/ दर्जा | श्रणि/तह | सेवा | समूह | स्वीकृत दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्वितिय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| | प्रशासकीय अधिकृत | रा.प.तृतिय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ |
| | नायव सुब्बा | रा.प. अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ |
| | लेखापाल | रा.प. अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ |
| | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | नेपाल विविध | - | २ |
| | खरिदार | रा.प. अनं. द्वितिय | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ |
| | हलुका सवारी चालक | श्रेणी विहिन | | | १ |
| | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ६ |
| | जम्मा | | | | २२ |


नर वहादुर थापा
प्रमुख जिल्ला अधिकारी

६.२ जिल्ला प्रशासन कार्यालय भोजपुरको संगठन संरचना

**नेपाल सरकार**

**गृह मन्त्रालय**

## जिल्ला प्रशासन कार्यालय, भोजपुरको संगठन संरचना



६.३ जिल्ला प्रशासन कार्यालय भोजपुरमा हाल कार्यरत कर्मचारीको विवरणः-

| सि.नं. | पद | नामथर | कैफियत |
|---|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी (रा.प.प्रथम) | श्री नर बहादुर थापा | ९८५२०१७७७७ |
| २. | प्रशासकीय अधिकृत(रा.प.तृतिय) | श्री कृष्ण बहादुर बस्नेत | ९८५२०५२२७९ |
| ३. | प्रशासकीय अधिकृत(रा.प.तृतिय) | श्री लक्ष्मी प्रसाद तिम्सिना | ९८५२०७६६६६ |
| ४. | नायव सुव्वा | श्री मखन श्रेष्ठ | ९८४२१०७३३७ |
| ५. | नायव सुव्वा | श्री कुमार राई | ९८४४३४३१०० |
| ६. | नायव सुव्वा | श्री जागनाथ गुरागाई | ९८४२२४६७२३ |
| ७. | कम्प्युटर अपरेटर | श्री सुविन राई | ९८४४३५८९२१ |
| ८. | कम्प्युटर अपरेटर (राष्ट्रिय परिचय पत्र) | श्री किरण नेपाली | ९८६२६५३३२० |
| ९. | हलुका सवारी चालक | श्री राजन मगर | ९८४३८२९२४० |
| १०. | कार्यालय सहयोगी | श्री लाल बहादुर खड्का | ९८४२५९०८१० |
| ११. | कार्यालय सहयोगी | श्री नर बहादुर विष्ट | ९८६०२२७६५२ |
| १२. | कार्यालय सहयोगी | श्री अञ्जना श्रेष्ठ | ९८६३७१७८५७ |
| १३. | कार्यालय सहयोगी | श्री मोतिराज राई | ९८६२१२१८९८ |
| १४. | कार्यालय सहयोगी | श्री मान प्रसाद लुईटेल | ९८४१३२२५८० |
| १५. | दर्ता सहयोगी (राष्ट्रिय परिचय पत्र) | श्री सुमिन राई | ९८६२९५०१०५ |

६.४ कार्यरत कर्मचारीको शाखागत कार्यविभाजन

(क) स्थानिय प्रशासन तथा शान्ति सुरक्षा शाखा

- टा.ना.सु. मखन श्रेष्ठ
- क.अ. सुविन राई
- का.स. मान प्रसाद लुईटेल

(ख) नागरिकता तथा प्रतिलिपि शाखा

- ना.सु. जगनाथ गुरागाई
- का.स. लाल बहादुर खड्का

(ग) ई-पासपोर्ट शाखा/संघ संस्था

- ना.सु. कुमार राई

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

- का.स. नर बहादुर विष्ट

(घ) मुद्दा तथा ठाडो उजुरी शाखा

- ना.सु. कुमार राई
- का.स. अञ्जना श्रेष्ठ

(ङ) लेखा शाखा

- लेखापाल. श्री रिया राई

(च) राष्ट्रिय परिचय-पत्र शाखा

- कम्प्युटर अपरेटर किरण नेपाली
- दर्ता सहयोगी सुमिन राई

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय भोजपुर

## ७ जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा :-

(क) स्थानिय प्रशासन तथा शान्ति सुरक्षा शाखाबाट सम्पादन गरिने कार्यहरु

- कर्मचारी प्रशासन सम्बन्धी कार्य,
- नावालक परिचयपत्र सम्बन्धी कार्य,
- जिल्लास्थित कार्यालयहरुको छड्के तथा अनुगमन,
- अभिलेख व्यवस्थापन,
- सरकारी कार्यालयको घरभाडा निर्धारण सम्बन्धी वैठक आयोजना,
- कार्यालयबाट सेवा प्रवाह गरेको सम्बन्धमा प्रगति प्रतिवेदन तयार गर्ने,
- विपद व्यवस्थापन व्यवस्थापन सम्बन्धी कार्य,
- विपद सम्बन्धी सूचना संकलन र संप्रेषण,
- मुल दर्ता, चलानी,
- द्वन्द्व पिडित सम्बन्धी कार्यहरु,
- जिन्सी स्टोर सम्बन्धी कार्य,
- शान्ति सुरक्षा सम्बन्धी कार्य,
- अन्य विविध सिफारिस,

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

(ख) नागरिकता तथा प्रतिलिपि शाखाबाट सम्पादन हुने कार्यहरु

- नयाँ नागरिकता जारी गर्ने,
- नागरिकताको प्रतिलिपि दिने,
- नागरिकताको सामान्य संशोधन,
- नागरिकताको अभिलेख प्रमाणित गर्ने,

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

(ग) ई-पासपोर्ट शाखाबाट गरिने कार्यहरु

- ई-पासपोर्टको लागि विवरण संकलन,
- तयार भई आएको ई-पासपोर्ट वितरण,

(घ) मुद्दा तथा ठाडो उजुरी शाखाबाट गरिने कार्यहरु

- भ्रष्टाचार तथा अन्य अनुचित कार्य सम्बन्धी उजुरीको छानविन,
- ठाडो उजुरी सम्बन्धी कार्य,
- जिल्ला प्रशासन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने मुद्दा सम्बन्धी कार्य,
- मुद्दा सम्बन्धी विभिन्न अभिलेख सुरक्षित राख्ने,
- मादक पदार्थ सेवन उपर कार्वाही गर्ने,
- सवारी ऐन बमोजिम क्रियाखर्च र क्षतिपूर्ति प्रदान गर्न समन्वय गर्ने,
- हातहतियार नविकरण तथा नामसारी,
- मुद्दा सम्बन्धी प्रगति पठाउने,

(ङ) संघ संस्था शाखा गरिने कार्यहरु

- गैर नाफा मूलक संघसंस्था दर्ता, संशोधन र नविकरण,

(च) लेखा शाखाबाट गरिने कार्यहरु

- विपद्मा परेका, द्वन्द्व पिडित, मुआव्जा वितरण, राहत वितरण
- विनियोजित बजेट खर्च, निकासा भुक्तानी सम्बन्धी कार्य,
- राजश्व, बेरुजु, सम्बन्धी, आ.ले.प., म.ले.प. सम्बन्धी कार्य,
- आर्थिक प्रशासन सम्बन्धी विविध कार्य

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

(छ) राष्ट्रिय परिचय पत्र शाखा

- राष्ट्रिय परिचय वितरण सम्बन्धि कार्य,

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

## ८ सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः-

क) समग्र जिम्मेवार अधिकारी

**प्रमुख जिल्ला अधिकारी/सहायक प्रमुख जिल्ला अधिकारी/प्रशासकीय अधिकृत**

ख) शाखागत जिम्मेवारी

| शाखा | जिम्मेवार कर्मचारी |
|---|---|
| स्थानिय प्रशासन शाखा | टा.ना.सु. मखन श्रेष्ठ |
| नागरिकता तथा प्रतिलिपि शाखा | ना.सु. जगनाथ गुरागाई |
| राहदानी शाखा | ना.सु. कुमार राई |
| मुद्दा तथा ठाडो उजुरी शाखा | ना.सु. कुमार राई |
| संघ संस्थातथा आपतकालिन कार्य सञ्चालन शाखा | टा.ना.सु. मखन श्रेष्ठ |

## ९ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः-

(क) दस्तुर

- नयाँ नागरिकता र अन्य सवै प्रकारका निवेदनमा रु १०।- को टिकट
- नागरिकता प्रतिलिपिको लागि रु १३।- को टिकट
- संस्था दर्ता शुल्क रु १०००।-, नविकरण शुल्क रु. तोकिए अनुसार।–
- नयाँ तथा नविकरण ई-पासपोर्ट दस्तुर रु. ५०००।-, हराएको ई-पासपोर्ट दस्तुर लागि रु. १००००।-

(ख) अवधि

- नागरिकता, नावालक परिचयपत्र, विविध सिफारिस आदि कागजात मिलेको अवस्थामा पेश भएकै दिन। अन्य थप प्रमाण बुझ्नुपर्ने भए प्रमाण पेश भएको दिन।

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

- संस्था दर्ता नियमानुसार प्रकृया पुऱ्याई पेश भए कै दिन।
- ई-पासपोर्टको हकमा अनलाई फारम भर्दा फारममा उल्लेखित मितिमा नै हुने। ई-पासपोर्ट वितरण विभागबाट प्राप्त भएको भोलिपल्ट।
- ठाडो निवेदन- अन्यत्र पठाउनुपर्ने भए पेश भएकै दिन र मुद्दा शाखाबाट कार्यान्वयन गर्नुपर्ने निवेदनका सम्बन्धमा नियमानुसार आवश्यक प्रमाण प्राप्त भए पश्चात।

## १० निर्णय गर्ने प्रकृया र अधिकारः-

- कार्य विवरण र प्रत्यायोजित अधिकार अनुसार एकीकृत नागरिक वडापत्रमा उल्लेख भए बमोजिम सम्बन्धित अधिकारी।
- प्रत्यायोजन नहुने अधिकार एवं मुद्दाका हकमा प्रमुख जिल्ला अधिकारी।

## ११ निर्णय उपर उजुरी सुन्ने अधिकारी

- अवस्था अनुसार प्रशासकीय अधिकृत/सहायक प्रमुख जिल्ला अधिकारी एवं प्रमुख जिल्ला अधिकारी।

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

## १२ सम्पादन गरेको कामको विवरण:-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

| क्र.सं | मुख्य क्रियाकलाप | | | गत आ.व.को उपलब्धी | एकाई | विवरण | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेठ | आषाढ | |
| १. | नागरिकता वितरण | नयाँ नागरिकता | वंशज | ५३४८ | जना | ३३७ | २८६ | २५१ | ५१२ | ५७२ | ३६७ | २६७ | ३१८ | ३२२ | ३९६ | ५४१ | २५७ | ४४२७ |
| | | | वैवाहिक अँगिकृत | ३ | जना | - | - | १ | - | - | १ | - | १ | - | १ | १ | - | ५ |
| | | | गै.आ.ने.ना. | - | जना | - | -- | - | -- | ३ | २ | २ | - | ४ | २ | - | - | १३ |
| | | प्रतिलिपी | | २७७१ | जना | १६७ | ११९ | १४२ | २०० | २३५ | १४५ | १७३ | १५५ | १६२ | २१५ | २०४ | १०० | २०१७ |
| २. | राहदानी वितरण | यस कार्यालयमा पेश भएका आवेदन फाराम | | ६८८४ | जना | ३२९ | ४४१ | ३६४ | ३९४ | ५७४ | ३६९ | ३२७ | ३०० | ३२१ | १८० | ३५४ | ६७१ | ४६२४ |
| | | राहदानी विभाग, काठमाडौं सिफारीस | | २७ | जना | २ | ४ | १ | १ | २ | २ | ६ | ३ | - | ४ | १ | ०४ | ३० |
| | | केन्द्रिय राहदानी विभाग, काठमाडौंबाट प्राप्त तयारी राहदानी | | ५८६४ | जना | ३०६ | ४२५ | २८२ | २६१ | २४३ | ३२८ | ३०० | ३४४ | २६० | १८९ | ३१० | ६६ | ३३१४ |
| | | यस कार्यालयबाट वितरित राहदानी | | ५७६४ | जना | ४९७ | १८५ | ३९४ | २२६ | ६३४ | ४७६ | ३८२ | ३६६ | ३४९ | २२८ | २२१ | १८५ | ४१४३ |
| ३. | मुद्दा | यस कार्यालयमा दर्ता मुद्दा | | १९ | वटा | ४ | ० | ० | १ | १ | १ | ० | ० | ० | १ | ० | २ | १० |
| | | यस कार्यालयबाट फर्छ्यौट | | ७ | वटा | ० | ० | ४ | ० | २ | १ | ० | ० | १ | ० | १ | २ | ११ |



नर बहादुर थापा
जिल्ला अधिकारी

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बाँकी मुद्दा | ० | वटा | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ८ | ०२ |
| ४. | संघसंस्था | दर्ता | ३१ | वटा | १ | - | २ | १ | १ | - | - | २ | १ | २ | - | २ | ११ |
| | | नविकरण | ७१ | वटा | ७ | १० | २५ | ६ | ८ | ९ | ७ | ४ | ५ | ३ | ४ | ९ | ९७ |
| ५. | राष्ट्रिय परिचय पत्र | जम्मा | १०१७३ | वटा | ६८५ | ४३४ | ५१४ | ३६७ | ९०४ | ६३१ | ६४४ | ५५२ | ५२१ | ५६० | ८२८ | ६९२ | ७३३३ |
| | | वितरण | - | वटा | - | - | ४६ | ३९ | ६२ | ७५ | ५१ | १०० | ६९ | ८० | ८७ | ८१ | ६०९ |
| ६. | नाबालक परिचय पत्र | | ४७ | वटा | ङ | ५ | २ | १० | ५ | ६ | ८ | ३ | १ | ६ | ८ | ०२ | ६४ |
| ७. | (क) राहत प्राप्त गर्ने संख्या | | २९ | वटा | - | - | ३ | १ | १ | २ | २ | २ | १२ | ५ | २ | - | ३० |
| | (ख) वितरित राहत रकम (जिवन निर्वाह भत्ता) (ग) द्वन्द /मृतक /वेपत्ता | | | वटा | - | - | - | - | - | - | - | - | - | - | - | - | |
| ८. | ठाडो उजुरी | | १९ | वटा | १ | ० | ० | १ | ४ | २ | १ | ६ | ३ | २ | ५ | ८ | ३३ |
| ९. | बैठक | जिल्ला सुरक्षा समितिको बैठक | | वटा | २ | २ | २ | २ | ३ | ३ | २ | २ | २ | २ | ३ | २ | २७ |
| | | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक | | वटा | १ | | | | | १ | | | १ | १ | | | ०४ |
| | | कार्यालय कर्मचारीको बैठक | | वटा | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १२ |
| | | कार्यालय प्रमुखको बैठक | | वटा | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १२ |

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सूचना अधिकारीको बैठक | | वटा | | | १ | | | १ | | | १ | १ | | १ | ४ |
| १०. | अनुगमन निरिक्षण | कारागार | | पटक | | | १ | | | १ | | | १ | | | १ | ४ |
| ११. | | सार्वजनिक निकाय | | पटक | | | १ | | | १ | | १ | | | | १ | ४ |
| १२. | | बजार अनुगमन | | वटा | १० | ८ | १२ | ५ | ८ | २५ | ७ | ८ | ११ | ८ | १ | ४ | १०७ |
| १३. | | संघ संस्था | | वटा | २ | ३ | ४ | २ | ५ | ४ | २ | ३ | ४ | ३ | ४ | ३ | ३९ |
| १४. | | सुरक्ष निकाय | | | | | ४ | | | ४ | | | ४ | | | ४ | १६ |
| १५. | सिफारिस | जनजाति आदिवासी/दलित | ४०३ | वटा | ६२ | १० | ८ | ३० | ६१ | १८ | ३५ | ६३ | ५५ | ४३ | ४० | ३२ | ४२७ |
| | | पेन्सन | - | वटा | ५ | १३ | १६ | १३ | २७ | १३ | ०९ | १४ | १० | १८ | ८ | १५ | १६१ |
| | | अन्य | - | वटा | | | | | | | | | | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

## १३ कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

- कार्यालय प्रमुख- प्रमुख जिल्ला अधिकारी श्री नर बहादुर थापा
- गुनासो सुन्ने अधिकारी/सूचना अधिकारी- प्रशासकीय अधिकृत श्री कृष्ण बहादुर बस्नेत

## १४ ऐन, नियम, विनियम र निर्देशिकाको सुची

जिल्ला प्रशासनसँग सम्बन्धित मुख्य ऐन नियमहरु निम्न बमोजिम रहेका छन्।

- स्थानीय प्रशासन ऐन, २०२८
- अख्तियार दुदरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- उपभोक्ता संरक्षण ऐन, २०७५
- कालोवजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- खाद्य ऐन, २०२३ र खाद्य नियमावली २०२७
- छापाखाना र प्रकाशन ऐन, २०४८ र नियमावली, २०४९
- जलस्रोत ऐन, २०४९ र नियमावली, २०५०
- जग्गा प्राप्ती ऐन, २०३४
- नेपाल नागरिकता ऐन, २०६३ र नियमावली, २०६३
- प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०७१
- प्राचिन स्मारक संरक्षण ऐन, २०१३
- भ्रष्टचार निवारण ऐन, २०५९
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५
- यातायाता सम्बन्धी क्षतिपुर्ति ऐन, २०५३
- राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६
- राहदानी ऐन २०७६ र नियमावली, २०६७
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
- लागू औषध (नियन्त्रण ) ऐन, २०३३
- विपद जोखिम न्यूनीकरण तथा वयवस्थापन ऐन, २०७४

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय भोजपुर

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

- विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६
- विष्फोटक पदार्थ ऐन, २०१८ र नियमावली, २०२०
- सशष्त्र प्रहरी ऐन, २०५८ र नियमावली, २०७२
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन २०३४, र नियमावली २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली २०६५
- सूचनाको हक समबन्धी ऐन २०६४ र नियमावली २०६५
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र नियमावली, २०५४
- गृह प्रशासन सुधार कार्ययोजना, २०७४
- कार्यसम्पादन सम्झौताहरु

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय भोजपुर

## १५. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण :-

| (समयावधी) २०८० श्रावण २०८१ असार मसान्त | निकासा/आम्दानी (रु.) | खर्च (रु.) | बाँकी (रु.) |
|---|---|---|---|
| चालु खर्च | १९२०५०००/- | १७१८०९३१/६१ | २०२४०६८/३९ |
| पूँजिगत खर्च | १४९७०००/- | १४९६२२०/- | ७८०/- |
| राजश्व | २११७५४९७/- | - | २११७५४९७/- |
| धरौटी | १४५४६३३/११ | १६६०/- | १४५२९७३.११ |
| विविध खाता खर्च | ११३२५८००९/२४ | ६४१९५५४९/३८ | ४९०६२४५९/८६ |

## १६. तोकिए बमोजिमका अन्य विवरण:-

- जिल्लाका विभिन्न स्थानमा सञ्चालित विकास निर्माणका कार्यमा आवश्यक समन्वय, सहजीकण तथा अनुगमन गरिदै आएको।
- विपद् व्यवस्थापन सम्बन्धी बैठक बसी विभिन्न निर्णय तथा सोको कार्यान्वयन गरिदै आएको।
- विभिन्न सरकारी कार्यालय तथा बजारको अनुगमन कार्य नियमित रुपमा गरिएको।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, गृह मन्त्रालय लगायतका निकायबाट प्राप्त उजुरीहरुको छानविन गरी सम्बन्धित निकायमा प्रतिवेदन पठाइएको।
- कार्यालयमा दर्ता हुन आएका विभिन्न ठाडो १९ थान उजुरीहरुको फछ्र्यौट गरिएको।

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

## १७. कार्यालयले र अन्य निकाय तथा जिल्लाहरुसँगको समन्वयमा सम्पादन गरेको अन्य कार्यहरु:-

- विपद्का घटनासँग सम्बन्धित व्यवहारिक अभ्यास सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।
- लागू औषध  अपराध नियन्त्रणको लागि स्थानीय तहहरुमा आमा समुह, युवा क्लब तथा बाल क्लबहरु जस्ता संघ/संस्थाहरुलाई समावेश गरी भेला बैठक राखी वडा र टोल/बस्ती तहमा लागू औषध अपराध  अन्त्यका लागि सचेतना मुलक अभियन चलाइएको।
- भोजपुरस्थित नेपाली सेनालाई आवश्यक पर्ने जग्गा सम्बन्धित पक्षहरुसँग समन्वय गरी यसै वर्ष जग्गा प्राप्ती गर्ने कार्य पुरा भएको छ।
- कार्यालयको सौन्दर्यता बढाउन कार्यालयको परिषरमा विभिन्न जातका फुलका विरुवाहरु लगाई वरिपरि विद्युतीय बत्तीहरु जडान गरिएको।
- सेवाग्राहीहरुलाई सेवा प्रवाहमा सहजता ल्याउन कार्यालय प्रवेश गर्ने गेटमा डिजिटल बोर्ड राखी सबै शाखाहरुको नम्बर र टेलिफोन नम्बरहरु समेत राख्ने कार्य भएको।
- कार्यालय प्रवेश गर्ने गेटमा भएको सिडि र पर्खाल भत्काई बाटो चौडा बढाइ अपाङ्ग मैत्री बनाई अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा प्रवाहमा सहजता बनाइएको।
- कार्यालयको पूर्व पट्टी रहेको भिरालो जमिनमा फलफुल र फुलका बिरुवाहरु लगाई सौन्दर्यता तथा भूक्षय रोकथाममा समेत टेवा पुगेको।
- सीमाना जोडिएका जिल्लाहरु खोटाङ, धनकुटा, सुनसरी र संखुवासभासँग शान्ति सुरक्षा, अपराध नियन्त्रण, चोरी तस्करी नियन्त्रण लगायतका विषयमा आपसी समन्वय एवं सहयोगका लागि अन्तर जिल्ला समन्वय बैठकको आयोजना गरी सम्पन्न गरिएको ।
- जिल्लास्थित संघ, प्रदेश र स्थानीय तहका कार्यालय, राजनितिक दल, सरकारी तथा गैरसरकारी संघसस्था, उद्योग वाणिज्य संघ, नागरिक समाज लगायतका सबै पक्षहरु बीच समन्वय गरी जिल्लाको शान्ति सुरक्षा अपराध नियन्त्रण, विकास निर्माणका काममा आवश्यक समन्वय र सहजीकरण, विपद् व्यवस्थापन तथा सिर्जित विभिन्न समस्याहरु समाधनान गर्ने गरिएको ।
- अति वृद्धा/असक्त/फरक क्षमता भएका नागरिकलाई स्थलगत रुपमा घरदैलोमा गई नागरिकता प्रमाणपत्र उपलब्ध गराईएको,

नर बहादुर थापा
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

- विकास निर्माणसँग सम्बन्धित कार्यमा स्थानीय तह एवं सरोकारवाला निकायसँग समन्वय गर्नुका साथै दशैं र तिहारको अवधिमा सेवाग्राहीहरुको चाप र सुविधालाई मध्यनजर गरी रातको ७/८ बजेसम्म सेवा प्रवाह गरिएको,
- प्रमुख जिल्ला अधिकारी  सबै स्थानीय तहमा पुगी अपराध न्यूनीकरण र लागू औषध नियन्त्रण सम्बन्धि अन्तरक्रिया गोष्ठी छलफल गराई गृह मन्त्रालयमा प्रतिवेदन पेश गरिएको,
- जिल्लाको अति दुर्गम स्थानीय तह, साल्पासिलिछोमा स्वयम् प्रमुख जिल्ला अधिकारी पुगी वि.स.२०७७ सालको मनसुनजन्य विपद्का लाभग्राहीलाई घर दैलोमा पुगी सेवा प्रासिका लागि सहजिकरण गरिएको,
- जिल्लामा गिट्टी, वालुवा र ढुङ्गाको अवैध कारोबारलाई पूर्ण रुपमा नियन्त्रणमा लिई अवैध रुपमा दोहन गरिएको गिट्टी, वालुवा र ढुङ्गाहरुको नियमानुसार जफत गरी लिलाममा चढाउन सबै स्थानीय तहहरुलाई बोधार्थ गरी भोजपुर नगरपालिका र रामप्रसादराई गाउँपालिकालाई पत्राचार गरी गृह सचिव ज्यूलाई अवगत गराइएको,
- सेवा प्रवाह र खरिद प्रशासनमा सुशासनको नारा सहित प्रमुख जिल्ला अधिकारीबाट सबै स्थानीय तहका पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीहरुलाई कानुनी र व्यवहारिक कार्यभ्यास गराई सेवा प्रवाह र सार्वजनिक खरिद प्रशासनमा सुव्यवस्था कायम गराउन सहजिकरण गरिएको,
- नागरिकता ऐनको प्रस्तावित संसोधनमा कानुनको भावना र मर्म अनुसार हुने गरी नागरिकता वितरण संबन्धि कार्याविधिलाई कानुन संगत र स्पष्ट पार्न  श्रीमान् गृह सचिव ज्यू समक्ष लिखित रुपमा **"Policy feedback"** प्रेषित गरिएको । यस संबन्धमा  प्रमुख जिल्ला अधिकारीले नीतिगत अवधारण सहित प्रतिवेदन तयार गरी गृह सचिव ज्यू समक्ष प्रतिवेदन पेश गर्नु भएको,
- जिल्लाको सीमानाकाबाट हुने अवैध कारोबार र लागू औषध कारोवारको पूर्ण रुपमा नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारीबाट स्थलगत निरीक्षण गरी लागू औषध कारोवार र अवैध चोरी निकासी नियन्त्रण गर्ने प्रयास गरिएको,

नर वहादुर थापा
प्रमुख जिल्ला अधिकारी